शुद्धोधन गाउंपालिका
गाउंकार्यपालिकाको कार्यालय
लबनी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल
२०७३

मिति: २०८२/०७/१६

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

यस शुद्धोधन गाउँपालिका अन्तर्गत सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रवाह गर्न तथा वैदेशिक रोजगारीसंग सम्बन्धित मुद्धामा सहयोग तथा सहजिकरण, सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतीकरणकको लागि सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सञ्चालन तथा कार्यान्वयनको लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य नेपाली नागरिकहरुबाट तपसील उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ

क्र. सं.	विज्ञापन नम्बर /पद	माग संख्या	योग्यता	परिक्षा दस्तुर
१.	विज्ञापन नम्बर. १/२०८२-०८३ मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह)	१ जना महिला	▪ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिंग/ मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षाविषयमा स्नातक तह उतीर्ण गरेको। ▪ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वस्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा कामगरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ। ▪ प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको। ▪ कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको, **Word, excel, PowerPoint** मा दिईएको प्रश्नको उत्तर नेपली वा अंग्रेजी भाषामा उल्लेख गर्नु पर्ने छ। ▪ नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने । ▪ २१ बर्ष उमेर पुरा भई ४५ बर्ष न नाघेको। नोट: स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइने।	५००/००
२.	विज्ञापन नम्बर. २/२०८२-०८३ रिटर्नी स्वयंसेवक	१ जना	▪ न्यूनतम् कक्षा ८ पास गरी वैदेशिक रोजगारी (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको। ▪ सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। ▪ २१ बर्ष उमेर पुरा भई ४५ बर्ष न नाघेको। नोट: यो पदको लागि सम्बन्धित स्थानीय तहको हुनु पर्ने छ।	३००/००

कार्य अवधि: हाललाई २०८३ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मुल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ।

परिक्षाको किसिम : मनोसामाजिक परामर्शकर्ता (लिखित ,अन्तवार्ता र प्रयोगात्मक) र रिटर्नी स्वयंसेवकको हकमा (अन्तर्वार्ता)

तलव तथा अन्य सुविधा : कार्यक्रमको नियमानुसार।

आवश्यक कागजातहरु : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो एक प्रति आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन। प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ।

दरखास्त दिने अन्तिम मिति : २०८२/ ०८/०२ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।

२०८२/७/१६

प्रमुख प्रशासकीय अधिकृत

धनिश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner